सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश

०७६-WO-०७०४
मुद्दा:-उत्प्रेषण।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी ------------------------------------------------ निवेदक

विरुद्ध

प्रधान मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय काठमाडौं समेत--------------------- विपक्षी

यसमा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री बाबुराम गिरी र श्री दिनेशराज त्रिपाठी तथा विद्वान अधिवक्ताहरु श्री आशिकराम कार्की, श्री सुनिलकुमार पोखरेल, श्री राजुप्रसाद चापागाई, श्री विकास भट्टराई, श्री विनोद कार्की, श्री अनन्तराज लुइटेल, श्री पुष्पराज पौडेल, श्री ओमप्रकाश अर्याल, श्री सरोज कृष्ण घिमिरे, श्री बद्रीप्रसाद भुषाल, श्री पारशमणि भट्टराई, श्री ज्ञानेन्द्रराज आरण, श्री विशालकुमार उपाध्याय तथा श्री सन्तोष भण्डारीले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार कारण भए सवुद प्रमाणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ५, ६, ७ र ८ का हकमा महान्यायाधिवक्ताको कार्यलाय मार्फत र विपक्षी नं. ३ का हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखितजवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। विपक्षी नं ४ का हकमा लिखित जवाफ झिकाइरहनु पर्ने नदेखिदा निजको हकमा सूचना नपठाउनु।

अब जहाँसम्म निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा विचार गर्दा नेपालको संविधानको धारा २० (५) मा कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन भन्ने व्यवस्था

रहेको तथा अन्य कानूनहरुले पनि कुनै कसूरको जाहेरी परी आरोप लागेको व्यक्ति उपर अनुसन्धान भैरहेको अवस्थामा सार्वजनिक पद धारण गर्न अयोग्य हुने वा सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य हुने गरी कुनै कानूनी व्यवस्था गरेको देखिदैन। प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २४४(३) ले समेत फौजदारी अभियोगमा पक्राउ गरि प्रहरी हिरासतमा रहेको अवस्थामा वा तीन वर्ष भन्दा बढी कैदको सजाँय वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भइ पूर्पक्षको लागि थुनामा रहेको अवधिभर कुनै सदस्यलाई सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुने छैन र त्यस्तो अवधिभर निजको पारिश्रमिक, सेवा र सुविधा स्थगित हुनेछ भनी व्यवस्था गरेको तथा ऐ. नियमावलीको नियम २४४(४) ले अदालतको अन्तिम फैसलाले कैदको सजाय ठहर हुने भएकोमा मात्र स्वतः निलम्बन हुने व्यवस्था रहेको देखिन्छ।

यस्तै ०६८-WO-१०९४ को रिट निवेदनमा नेपालको प्रचलित कानूनले ***स्पष्ट निषेध गरेकोमा बाहेक जाहेरी दरखास्तमा नाम समावेश भएको मात्र आधारमा अनुसन्धानको पूर्णता पाइ नसकेको अवस्थामा अदालतबाट सो सार्वजनिक पद अनुसारको कामकाज गर्न निषेध गर्न कानून संगत देखिदैन*** भनी निज अग्नी प्रसाद सापकोटा नै विपक्षी रहेकोमा अन्तरिम आदेश जारी गर्न इन्कार गरिएको देखिन्छ।

यसर्थ प्रस्तुत निवेदनमा विपक्षी बनाइएका अग्नी प्रसाद सापकोटा विरुद्ध यसै अदालतको २०६३-WO-१२३१ को रिटमा मिति २०६४।११।२२ को परमादेशको आदेशले मात्र काभ्रेपलान्चोक जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता भै अनुसन्धानको क्रममा रहेको भएपनि निज उपर साधिकार निकाय वा अदालतबाट अभियोग प्रमाणित भैसकेको देखिन आएन । सो मुद्दामा अनुसन्धान सम्पन्न गरी अभियोजन पश्चात अदालतबाट ठहरे बमोजिम भएको अवस्थामा ठहरे बमोजिम हुने नै हुँदा हाल विपक्षी अग्नी प्रसाद सापकोटा सभामुख पदमा निर्वाचित भै शपथ लिइ पदभार ग्रहण गरिसकेको अवस्थामा निजलाई सभामुखको पदमा कार्य नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गर्नुपर्ने देखिएन।

रिट नं. ०६८-WO-१०९४ को आदेशमा निज प्रतिवादी संचारमन्त्री पदमा नियुक्ति हुँदा जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकको अनुसन्धान प्रभावित हुन सक्ने भनी अन्तरिम आदेशमा बोलिएको र उक्त अन्तरिम आदेश हालसम्म पनि कायमै रहेको देखिंदा उक्त

मुद्दाको अनुसन्धानमा कुनैपनि प्रकारको अनुचित प्रभाव विपक्षी वनाइएका निज अग्नी प्रसाद सापकोटाबाट हुन्छ भनी यो इजलासले अपेक्षा गर्दैन । आफू माथिको नैतिक जिम्मेवारी, आस्था र विश्वासमा समेत प्रश्न आएको सन्दर्भमा व्यवस्थापिका संसदको सभामुख तथा संवैधानिक परिषदको सदस्य जस्तो जिम्मेवार नेतृत्वदायी पदमा नियुक्त भएको व्यक्ति आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्दा आउन सक्ने स्वार्थको द्वन्द्वमा स्वयंको विवेकबाट निर्देशित हुने कुरा नै अपेक्षा गरिन्छ।

निवेदकले उठाएको कतिपय प्रश्नहरु प्रति यस ईजलासको गम्भीर ध्यानाकार्षण भएको छ। एउटा महिला जसको पतिलाई कर्तव्य गरी २०६२ सालमा मारिएको र न्यायको लागि मिति २०७६ सालसम्म भौतारिएको अवस्थामा किटानी जाहेरीमा आरोपित व्यक्ति नै व्यस्थापिका संसदको शिर्ष नेतृत्व पदमा पदासिन हुन पुग्दा न्यायको पहुँचमा अवरोधको अनुभूतिको प्रश्न उठाउनु स्वाभाविक देखिन्छ । साथै यस अघि पनि यसै अदालतबाट निज अग्नी प्रसाद सापकोटा नै विपक्षी भएको संवत २०६८-WO-१०९४ को रिट निवेदनमा सर्वोच्च अदालतबाट ***कानूनको शासनको सर्वोपरिता, मानव अधिकारको आधारभूत मूल्य मान्यता, दण्डहिनता र पीडितप्रतिको न्यायको अवधारणा प्रति अदालत उदासिन रहन नसक्ने हुँदा पुर्णिमाया लामाको जाहेरी दरखास्तबाट दर्ता भएको कर्तव्य ज्यान मुद्दामा प्रचलित कानूनबमोजिम अनुसन्धान जारी राखी रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म प्रत्येक १५ दिनमा अनुसन्धान गर्दा कुनै प्रभाव दवाव वा असहयोग भएमा सो समेतको विवरण महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतमा प्रतिवेदन पेस गर्ने*** गरी अन्तरिम आदेश जारी भएको सन्दर्भमा ती प्रहरी प्रतिवेदन प्रस्तुतीको अवस्था, रिट नं. ०६८-WO-१०९४ को तथा ०६९-WO-०५३३ को अन्तरिम आदेशहरुको कार्यान्वयनको स्थिति र हाल कर्तव्य ज्यान मुद्दा के कस्तो अवस्थामा रहेको छ? सो को प्रगतिको जानकारी सर्वोच्च अदालतमा महान्यायाधिवक्ताको कार्यालय मार्फत यो आदेश भएको मितिले तीस (३०) दिनभित्र पेस गर्नु भनी विपक्षी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोक समेतका नाममा आदेश जारी गरिदिएको छ। अरुमा नियमानुसार गर्नु ।



न्यायाधीश

इति सम्वत २०७६ साल माघ १४ गते रोज ३ शुभम्-----------------------------------